संसदीय सुनुवाइका लागि

प्रस्तुत

# कार्य-योजना

प्रस्तुतकर्ता

धनप्रसाद पण्डित

(इजरायलका लागि प्रस्तावित राजदूत)

२०८१ श्रावण

# संसदीय सुनुवाइ समितिमा प्रस्तुत कार्य योजना

- धनप्रसाद पण्डित

इजरायल राज्यका लागि नेपाली राजदूतका रुपमा नेपाल सरकार मन्त्रीपरिषद्बाट मेरो नाम सिफारिस भएको हुनाले संसदीय सुनुवाइका लागि यस सम्मानित संसदीय समितिमा उपस्थित भएको छु। यहाँबाट अनुमोदन भई आवश्यक प्रक्रिया पूरा भएमा नेपाली राजदूतका हैसियतले बृहत्तर राष्ट्रिय स्वार्थ र हित अभिवृद्धि हुने गरी नेपाल र इजरायलबिचको द्विपक्षीय सम्बन्धलाई सुदृढ एवं मजबुत बनाउन प्रयत्नशील रहने छु।

यसका लागि इजरायल राष्ट्रसँगको हाम्रो सम्बन्ध, उक्त राष्ट्रको अवस्था, सम्भावित चुनौती र सम्बोधनसहित यो कार्य योजना प्रस्तुत गरेको छु। मेरो प्रस्तुतीकरण इजरायलको सामान्य परिचयबाट प्रारम्भ भई द्विपक्षीय सम्बन्धको पृष्ठभूमिबाट अगाडि बढ्ने छ। यसपछि द्विपक्षीय सम्बन्धका आयामहरुको चर्चा गर्दै यी आयामहरुलाई अझ विस्तृत बनाउने क्रममा आउन सक्ने चुनौतीहरुको उल्लेख गर्दै तिनको सम्बोधनको विषयमा धारणा राखी मेरो प्रस्तुतिको अन्त्य गर्ने छु।

## १. इजरायलको सामान्य परिचय :

पृथ्वीको ३१ डिग्री ३० मिनेट उत्तरी अक्षांश र ३४ डिग्री ४५ मिनेट पूर्वी देशान्तरभित्र उत्तर-दक्षिण लम्बाइ र पूर्व पश्चिम चौडाइमा फैलिएको इजरायल राज्यको उत्तरतर्फ लेबनान, उत्तर पूर्वमा सिरिया, पूर्वमा जोर्डन, दक्षिण-पश्चिममा इजिप्ट र पश्चिममा भूमध्यसागर पर्दछ। यहाँको हावापानी तुलनात्मक रुपमा गर्मी वा तातो हुने गर्छ। यहाँ धेरै समय वर्षारहित गर्मी हुने गर्छ। यहाँ छोटो समय वर्षायुक्त दिनहरू र चिसा हिउँदे महिनाहरु हुने भूमध्यसागरीय

जलवायु पाइन्छ । ८४०० वर्गमाइल क्षेत्रफलमा फैलिएको इजरायलको जनसंख्या ८७,८७,०४५ रहेको छ । बहुसंख्यक (७३ प्रतिशत) यहुदी, २० प्रतिशत मुसलमान (सुन्नि) र ५ प्रतिशत नास्तिक जनसङ्ख्या बसोबास रहेको यस देशमा अरबी मुस्लिम, क्रिश्चियन, द्रुज तथा अन्य धर्मावलम्बीहरु पनि बसोबास गर्दछन् । यस देशको राष्ट्रिय भाषा हिब्रु हो । यहाँ अरबी तथा अङ्ग्रेजी भाषा पनि प्रचलनमा छन् ।

२. द्विपक्षीय सम्बन्धको पृष्ठभूमि

स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने क्षमता, कार्यगत स्वायत्तता र सहयोगको दायरा बढाउन सम्बन्धको विविधीकरणले मद्दत गर्दछ भन्ने कुरा सर्वविदित नै छ । स्वतन्त्र एवं सार्वभौमसत्तासम्पन्न राष्ट्रका रुपमा आफ्नो छवि र प्रतिष्ठा अभिवृद्धि गर्न नेपालले छिमेकी मुलुकहरुका अतिरिक्त विश्वका सबै राष्ट्रहरुसँग राजनैतिक तथा कूटनीतिक सम्बन्ध सुमधुर र सुदृढ बनाउँदै आएको छ ।

इजरायल राज्यको स्थापनाकालदेखि नै मध्यपूर्वमा देखिएको राजनैतिक समस्याको न्यायपूर्ण, दिगो र शान्तिपूर्ण समाधानका सम्बन्धमा नेपालको स्पष्ट धारणा रहँदै आएको छ । "सहनाभवतु सह नौ भुनक्तु, सह वीर्यं करवावहै" मा विश्वास गर्ने हामी नेपाली 'बाँच र बाँच्न देऊ' भन्ने भावनाले ओतप्रोत छौं ।

३. द्विपक्षीय सम्बन्धका आयामहरु :

१३ अगष्ट २००७मा नेपाली दूतावास खुलेपछि नेपाल र इजरायलबीच राजनैतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक र जनस्तरका सम्बन्ध सुदृढ हुँदै आएको हो । यसको परिणाम स्वरुप पर्यटन, वाणिज्य तथा व्यापार प्रवर्द्धनलाई सहयोग पुग्दै आएको छ । त्यस बेला धर्मको

आधारमा  दुई मुलुक बिचको सम्बन्ध कायम भएको थियो । यहाँ नेपाल र इजरायलबीचको द्विपक्षीय सम्बन्धका आयामहरुलाई विभिन्न शीर्षकमा हेर्ने प्रयास गरिएको छ :

(क)  **राजनैतिक आयाम :**

करिब चार हजार वर्षको प्राचीन सभ्यता भएको; लामो संघर्षको परिणाम स्वरुप सन् १९४८मा स्थापित इजरायल राज्यलाई सन् १९६०मा तत्कालीन प्रधानमन्त्री बि.पी. कोइरालाको पालामा नेपालले स्वतन्त्र राज्यको रुपमा मान्यता दिएको हो । त्यसपछि प्रारम्भ भएको नेपाल र इजरायलबिचको राजनैतिक सम्बन्धको विशिष्ट महत्त्व छ । यसबिचमा नेपाल र इजरायल राज्यका तर्फबाट विभिन्न समयमा उच्चतहका भ्रमणहरुका आदान-प्रदान भएका छन् । यस्ता भ्रमणहरुले द्विपक्षीय सम्बन्ध सुदृढ गर्न र समझदारी अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

इजरायललाई मान्यता दिने प्रथम दक्षिण-एशियाली राष्ट्रको प्रतिनिधिको हैसियतमा सन् १९६०मा प्रथम जननिर्वाचित प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाको औपचारिक इजरायल भ्रमण भएको हो । यसरी प्रारम्भ भएको इजरायलको उच्चस्तरीय राजनीतिक भ्रमणको क्रममा सन् १९६३मा तत्कालीन राजा महेन्द्रको राजकीय भ्रमण भयो । त्यसपछि सन् १९६८मा तत्कालीन युवराजको  वीरेन्द्रको इजरायल भ्रमण भएको थियो । यसै गरी सभामुखको हैसियतमा श्री दमननाथ ढुङ्गानाको सन् १९९२को भ्रमण, प्रधानमन्त्रीको हैसियतमा श्री गिरिजाप्रसाद कोइरालाको सन् १९९३को भ्रमण, परराष्ट्रमन्त्रीको हैसियतमा श्री साहना प्रधानको सन् २००७को भ्रमण र उप-प्रधान तथा परराष्ट्र मन्त्रीको हैसियतमा श्री कमल थापाको सन् २०१६को भ्रमण जस्ता इजरायलमा उच्चस्तरीय भ्रमणहरु भएका छन् । इजरायल राज्यका तर्फबाट तत्कालीन राष्ट्रपति श्री जलमन शाजरको सन् १९६६को नेपाल

भ्रमण, तत्कालीन परराष्ट्रमन्त्री मोशे दायानको सन् १९७९को नेपाल भ्रमण, इजरायली संसद नेशेटका उपसभामुख श्री नवाफ माजल्हाको सन् २००१को भ्रमण जस्ता राजनीतिक भ्रमणहरुले नेपाल र इजरायलको द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थपिएका छन् । यसै गरी दुवै देशका अन्य उच्चस्तरीय पदाधिकारीहरु समेतको भ्रमण आदान-प्रदानबाट दुई देशबिचको सम्बन्ध थप मजबुत हुँदै आएको छ ।

आपसी समझदारीबाट दुई राष्ट्रबिच सुमधुर सम्बन्ध कायम गर्न समय-समयमा हुने उच्चस्तरीय राजनीतिक भ्रमणको आदान-प्रदानलाई एक उपयुक्त माध्यम मानिन्छ । लामो समयदेखि नेपाल तथा इजरायल राज्यको तर्फबाट उच्चस्तरीय राजनीतिक भ्रमण आदान-प्रदान हुन नसकेको परिप्रेक्ष्यमा नेपाली राजदूतको हैसियतले यस्ता उच्चस्तरीय भ्रमणहरुका लागि पहल गर्नु मेरो कर्तव्य हुने छ । यसै गरी नेपाली संसद र इजरायली संसदका अनुभव आदान-प्रदान गर्दै म Parliamentary Friendship Group लाई क्रियाशील बनाउन प्रयासरत रहने छु । नेपाली सेना विश्वमा शान्ति कायम गर्ने मिसनमा अग्रणी रहेको र इजरायली सेना विश्वमै अत्याधुनिक भएकाले त्यस क्षेत्रमा पनि सहकार्य गर्न सकिने छ ।

(ख) **आर्थिक सहयोग :**

इजरायल सरकारबाट नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण सहयोग प्राप्त भइरहेको छ । नेसनल कन्स्ट्रक्सन कम्पनी नेपालको स्थापनाका लागि इजरायलले गरेको सहयोग, नेपाली सेनाका लागि प्यारासुटिङ्ग तालिम सुविधा, ग्रामीण विकास, जलस्रोत, कृषि अध्ययन, अनुसन्धान र सहकारी तथा फर्म व्यवस्थापन विज्ञ सेवा उपलब्ध गराएर नेपालको विकासमा इजरायलले निरन्तर सहयोग पुर्‍याइरहेको छ ।

आन्तरिक साधन र स्रोतको सीमितताले गर्दा देशको आर्थिक तथा पूर्वाधार विकासका लागि अझै केही समय वैदेशिक, आर्थिक तथा प्राविधिक सहयोगको आवश्यकता रहन्छ। अझ भनौं आपसी ज्ञान, सिप विशेषतालाई द्विपक्षीय रुपमा आदान प्रदान गर्नु दुवै राष्ट्रका लागि महत्वपूर्ण हुन्छ। विज्ञान तथा प्रविधिको प्रयोग गरेर चामत्कारिक रुपमा देशको विकास गर्न सफल इजरायलको अनुभवलाई नेपालको विकासमा प्रयोग गर्न सम्भाव्य क्षेत्रको पहिचान गरी सिक्न सक्ने पाठको विश्लेषण गर्दै प्राथमिकताका आधारमा आर्थिक कूटनीतिमार्फत इजरायली सहयोग परिचालनका लागि पनि म प्रयत्नरत रहने छु।

कृषि क्षेत्रमा इजरायली प्रविधि तथा दक्षतावाट नेपालले लाभ लिन सक्ने र आवश्यक जनशक्तिलाई तालिम प्रदान गर्ने गरी इजरायली सहयोगमा नेपालमा Centre of Excellence स्थापनाको लागि इजरायली सरकारसँग पहल गर्ने छु।

(ग) व्यापार :

सन् २०२३/२४को तथ्याङ्क अनुसार इजरायलमा नेपालबाट रु.................... बराबरको निकासी भएको थियो भने इजरायलतर्फ रु. .................... बराबरको आयात भएको देखिन्छ। विगत पाँच वर्षको तथ्याङ्कले पनि नेपाल-इजरायल व्यापार इजरायलको पक्षमा देखाएको छ। नेपाली वस्तु निर्यातलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हुनपुगेको छ। नेपालबाट गैर-काष्ठ बन पैदावारहरु, जडीवुटी तथा मरमसलाहरु, अर्थोडक्स चिया लगायत नेपालमा उत्पादित निर्यातयोग्य वस्तुहरुको पहिचान गरी निकासीयोग्य वस्तु विविधीकरण तथा परिमाणात्मक वृद्धिमा विशेष जोड दिएर वर्तमान व्यापार घाटा कम गर्न

प्रयास गर्नेछु । गैर-आवासीय नेपालीहरुसँगको समन्वयमा निजी क्षेत्रका निर्यातकर्ताहरु, इजरायली आयातकर्ताहरु तथा सम्बन्धित पदाधिकारीहरुसँग समन्वय गरी निर्यात प्रवर्द्धनका लागि पहल गर्ने छु । इजरायलमा आयोजना हुने व्यापार मेला तथा प्रदर्शनीहरुमा नेपाली निर्यातकर्ताहरुलाई सहभागी गराई दुवै देशका व्यापारीहरुबिच सम्पर्क स्थापित गराउन अधिकतम प्रयास गर्ने छु ।

(घ) पर्यटन :

हिमाल, पहाड, नदीनाला, वनजङ्गल र सुन्दर भौगोलिक बनावटका कारण नेपाल इजरायली नागरिकहरुका लागि मनपर्दो पर्यटन गन्तव्य स्थलको रुपमा परिचित छ । त्यसमा पनि युवा इजरायलीहरु पदयात्रा, पर्वतारोहण, र्‍याफ्टिङ, जङ्गल सफारी जस्ता साहसिक पर्यटनमा आकर्षित भएको देखिन्छ ।

इजरायलस्थित नेपाली दूतावासले हरेक वर्ष पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु आयोजना गर्ने गरेको छ । यसलाई निरन्तरता दिँदै इजरायलस्थित नेपालीहरुका संघ/संस्थाहरुसंगको समन्वयमा नेपाल-प्रेमी इजरायलीहरुमार्फत नेपालको पर्यटन क्षेत्रलाई इजरायलमा थप परिचित गराउन प्रयत्नरत रहने छु । इजरायलीहरुका लागि नेपाल भनेको विशेष गरी युवाहरुको लागि र साहसिक पर्यटनका लागि हो भन्ने मान्यता रही आएकोमा नेपालमा रहेका अन्य सहज पर्यटकीय गन्तव्यहरु र उपलब्ध पूर्वाधारहरु (जस्तै : होटल, यातायातको व्यवस्था आदि)लाई उजागर गर्दै नेपाल सबै उमेर समूहका लागि उपयुक्त रहेको छ भन्ने बारेमा जानकारी गराउने छु । यसबाट बढी खर्च गर्नसक्ने इजरायलीहरुलाई समेत आकर्षित गर्न सकिने छ । दुई देशबिचको पुरानो मैत्रीपूर्ण सम्बन्ध एवं नेपालमा इजरायलीहरुप्रतिको धारणा

राम्रो रहेको छ भन्ने विचारलाई समेत दृष्टिगत गर्दै इजरायलीहरुलाई नेपाल भ्रमण गर्न उत्प्रेरित गर्ने छु ।

सन् २०१२मा नेपाल-इजरायल सम्बन्ध स्थापनाको ५२औं वर्षगाँठको अवसरमा काठमाडौं र जेरुसलेमबाट "Mount Everest, highest place on Earth and Dead Sea, lowest place on Earth" अङ्कित हुलाक टिकट प्रकाशन गरिएको थियो । यसपछि सन् २०१३मा सगरमाथाबाट लगिएको ढुंगालाई Dead Sea नजिक Tamar क्षेत्रमा र Dead Seaबाट ल्याइएको ढुंगालाई सगरमाथा आधार शिविर (नाम्चे बजार)मा राखिएको छ । यस कार्यले नेपाललाई इजरायलमा र इजरायललाई नेपालमा चिनाउन मद्दत पुऱ्याउनुका साथै पर्यटन प्रवर्द्धन गर्ने विश्वास गरिएको छ । नेपालको भौगोलिक र सांस्कृतिक पहिचान दिने तथा पर्यटकीय स्थलहरु सम्बन्धी लेख तथा समाचारलाई इजरायली पत्रपत्रिकाहरुमा प्रकाशन गर्ने पहल गर्ने छु ।

नेपाललाई इजरायली पर्यटकहरुको कृषि-पर्यटनको गन्तव्य स्थलको रुपमा विकास गर्ने पहल गर्ने छु । यसै गरी नेपालीहरुलाई इजरायलको कृषि क्षेत्रको अध्ययन भ्रमण गर्ने थप अवसरहरुको विकास गर्न पहल गर्ने छु ।

साथै नेपाल-इजरायलबिच सीधा हवाई सम्बन्ध सम्झौता कार्यान्वयनका लागि क्रियाशील रहने छु ।

(ङ) जनशक्ति विकास:

इजरायली अन्तर्राष्ट्रिय विकास सहायता नियोग (MASHAV)ले कृषि, स्वास्थ्य, सहकारी तथा अन्य क्षेत्रमा हरेक वर्ष नेपाली विद्यार्थीलाई ४०वटा छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । यस नियोगले विज्ञान, स्वास्थ्य, कृषि तथा पशुपन्छी, पशु कृत्रिम गर्भाधान

प्रविधि, फर्म व्यवस्थापन, वातावरण तथा शिक्षा क्षेत्रमा छोटो अवधिका तालिमहरु पनि उपलब्ध गराउँदै आएको छ । हरेक वर्ष करिब ५००जना नेपाली युवाहरुले साना किसान कृषि सहकारीमार्फत "Earning by Learning" कार्यक्रमबाट सिकेको सिप तथा प्रविधिलाई नेपालमा भित्र्याइरहेका छन् । यस कार्यक्रमलाई अन्य क्षेत्रमा पनि विस्तार गर्न सक्ने सम्भावनाको खोजी गर्ने छु । सूचना प्रविधि र Artificial Intelligence को क्षेत्रमा इजरायली विशेषज्ञताबाट नेपालले धेरै लाभ लिन सक्ने हुँदा नेपाली युवाहरुका लागि इजरायलका तर्फबाट विशिष्ट तालिम तथा प्रशिक्षणका अवसर सृजना गर्ने प्रयास गर्ने छु । इजरायली सहयोग नियोग ( MASHAV)मा नेपालमा "Agriculture Centre of Excellence" स्थापनाका लागि काम अगाडि बढिसकेको छ । उक्त केन्द्रको स्थापना र अन्य प्रदेशमा विस्तार गर्न म प्रयत्नरत रहने छु ।

(च) रोजगारी:

नेपाली युवाहरुको वैदेशिक रोजगारीका लागि मनपर्दो गन्तव्यमध्ये इजरायल रहिआएको छ । अझ महिलाहरुका लागि त यो मुलुक सुरक्षित र आकर्षक गन्तव्य रहेको छ । इजरायलमा कार्यरत नेपाली कामदारहरुमध्ये केयरगिभिङ क्षेत्रमा ठुलो संख्यामा नेपाली महिलाहरु कार्यरत छन् । सन् २०१५मा "A Joint Pilot Program for the Recruitment of Caregivers From Nepal to Treat Disabled Elderly Employers in Israel" अन्तर्गत ६० जना महिला नेपाली कामदार पठाइएकोमा सन् २०२१मा पुनः सम्झौता गरी १००० जना नेपाली केयरगिभरहरु लैजाने कार्य प्रारम्भमा नै करिब .... जना नेपाली कामदार इजरायल गैसकेका छन् भने बाँकी जाने तयारीमा छन् । यस बाहेक उल्लेखनीय संख्यामा नेपाली कामदारहरु इजरायलको कृषि क्षेत्रमा अद्यापि कार्यरत छन् ।

इजरायलको श्रम बजार र हाम्रो जनशक्तिको आपूर्ति क्षमता हेरी कृषि, केयरगिभिङ, निर्माण, पर्यटनलगायतका अन्य क्षेत्रमा पनि कामदारहरुको रोजगारीको सम्भावनाको खोजी गर्ने छु । इजरायलमा कार्यरत नेपाली कामदारहरुको व्यक्तिगत तथा रोजगारीको सुरक्षा एवं उनीहरुको हक हित प्रवर्धनका लागि सदैव प्रयत्नशील रहने छु ।

(छ) लगानी:

इजरायली लगानीकर्ताहरु नेपालमा लगानी गर्न इच्छुक देखिएकाले सूचना प्रविधि (IT) र आर्टिफिसियल इन्टेलिजेन्स (AI) का क्षेत्रमा लगानी प्रवाहित गराउन प्रयत्नशील रहने छु भने अन्य सम्भावित क्षेत्रहरुको खोजी गर्न सार्वजनिक तथा निजी क्षेत्रसंगको सहकार्यमा लगानी प्रवर्द्धन कार्यक्रमहरुको आयोजना गर्ने छु । नेपालमा सूचना प्रविधिको क्षेत्रमा पर्याप्त जनशक्ति तथा आवश्यक पूर्वाधारसमेत उपलब्ध भएको जानकारी गराउँदै इजरायली कम्पनीहरुलाई नेपालबाट outsourcing गर्नका लागि उत्प्रेरित गर्ने छु । नेपाल जस्तो मुलुकले सूचना प्रविधि क्षेत्रमा विशिष्ट प्रकृतिका कार्य गर्नसके युवालाई स्वदेशमै बसेर विश्वबजारमा सेवा दिनसक्ने बनाउन सकिन्छ ।

(ज) राहत सहयोग:

वि.सं. २०७२ सालको भूकम्पको लगत्तै इजरायल सरकारले इजरायली रक्षा दस्ताका २५० जना चिकित्सक तथा अन्य सदस्य सम्मिलित मानवीय उद्धार टोली पठाएको थियो र यस समूहले स्थानीय सैनिक अस्पतालसंगको समन्वयमा तत्काल ६० शैयाको अस्थायी अस्पताल खडा गरी राहत कार्य प्रारम्भ गरेको थियो । जहिले पनि युद्धको सम्भावना हुने मुलुक भएर विपद व्यवस्थापनमा इजरायलको सिप, दक्षता र शैली प्रशंसनीय छ । विपत्

व्यवस्थापनमा इजरायलको अनुभवबाट सिक्न सकिने क्षेत्रको पहिचान गरी त्यस्तो ज्ञान, सिप र अनुभवलाई नेपाल भित्र्याउन म प्रयत्नरत रहने छु।

(झ) सांस्कृतिक क्षेत्र :

नेपाली कला, संस्कृति र साहित्यको मौलिक पहिचान र संस्कृति प्रवर्द्धन गर्ने र दुवै राष्ट्रबिच सांस्कृतिक सम्बन्ध बढाउन विशेष प्रयास गर्दै नेपाली संस्कृति तथा यसको मौलिकपन झल्कने चित्रकला, हस्तकला लगायतका सामग्रीहरुको प्रदर्शनी आयोजनाका लागि पहल गर्ने छु। नेपाली र इजरायली कलाकारहरुबिच सम्भाव्यताका आधारमा भ्रमण आदान प्रदानलाई प्रोत्साहन गर्ने छु।

नेपाली चलचित्र तथा डकुमेन्टरी चित्र प्रदर्शनमार्फत नेपाललाई चिनाउन प्रयत्नशील रहने छु। दुई देशका सांस्कृतिक सम्पदाबाट सिक्ने, संरक्षण र प्रवर्द्धन गर्ने कार्य गर्ने छु।

दुई देशका नगरहरुबिच भगिनी सम्बन्ध कायम गराई उनीहरुबिच भ्रमणको आदानप्रदान, शैक्षिक, सांस्कृतिक तथा विकासका अनुभवहरुको आदानप्रदानबाट जनस्तरको सम्बन्ध थप सुदृढ बनाउन प्रयत्नशील रहने छु।

(ञ) कन्सुलर तथा अन्य सेवा:

दूतावासबाट प्रदान गर्नुपर्ने कन्सुलर सेवा लगायतका अन्य सेवाहरू प्रभावकारी रुपमा प्रदान गर्ने व्यवस्था मिलाउँदै यसलाई अझ प्रवर्द्धनमूलक बनाउन प्रयत्नरत रहने छु। नेपाली नागरिकहरुको हक तथा हितको संरक्षण र सम्वर्द्धन गर्न इजरायलमा कार्यरत गैर-आवासीय

नेपालीहरुको संस्था NRNA लगायत अन्य संघ/संस्थाहरुसंग सहकार्य गर्दै प्रभावकारी रुपमा दूतावासको दैनिक कार्य सञ्चालन गर्ने छु।

(ट) **हस्ताक्षर भएका तथा तयारीको क्रममा रहेका समझदारी तथा सम्झौताहरुको सम्बन्धमाः**

तयारीको क्रममा रहेका समझदारी तथा सम्झौताहरु तयार गरी हस्ताक्षर गर्ने अवस्थामा पुऱ्याउन राजदूतको हैसियतले प्रयासरत रहने छु भने हस्ताक्षर भएका तर कार्यान्वयन हुन बाँकी समझदारी तथा सम्झौताहरुको कार्यान्वयनका लागि पहल गर्ने छु।

**४.सम्भावित चुनौती र तिनको सम्बोधनः**

नेपाल र इजरायलबिचको द्विपक्षीय सम्बन्धका विविध आयामहरुलाई सुदृढ र विस्तृत बनाउने क्रमलाई विश्व राजनीतिक अवस्था, क्षेत्रीय राजनीति, त्यस देशको आर्थिक अवस्था तथा सामरिक अवस्थिति जस्ता विषयले प्रभाव पार्न सक्छन्। यस्ता चुनौतीहरुलाई नेपालको संविधानले निर्दिष्ट गरेका परराष्ट्र नीतिका निर्देशक सिद्धान्तहरु संयुक्त राष्ट्रको बडापत्र, सार्क, बिम्स्टेक जस्ता क्षेत्रीय संगठनप्रति नेपालको परराष्ट्र नीति, नेपाल सरकारबाट समय समयमा हुने नीति निर्देशनको परिधिभित्र रही सम्बोधन गर्ने छु।

**५.विपिन जोशीको रिहाइमा पहलकदमी**

गत वर्ष भएको द्वन्द्वमा परी १२ जना सुदूर पश्चिम विश्वविद्यालयका कृषि क्षेत्रमा कमाउने र सिक्ने विचारले गएका छात्रछात्रा हमासको आकस्मिक आक्रमणमा मारिएका थिए। एक जना विपिन जोशी अझै पनि हमासको कब्जामा रहेकाले विपिन जोशीको रिहाइका लागि भरमग्दुर प्रयत्न गरी स्वदेश पठाउने कोसिस गर्ने छु।

अन्तमा, उपलब्ध मानवीय तथा आर्थिक संसाधनको मात्राले प्रस्तावित कार्यक्रम तथा गतिविधि प्रभावित हुनसक्ने कुरामा ध्यानाकर्षण गराउँदै मैले हासिल गरेका ज्ञान, सिप, क्षमता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरुको पूर्ण सदुपयोग गरी नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाभिमान एवं समुन्नतिका लागि निरन्तर प्रयत्नशील रहँदै नेपालको बृहत्तर हित प्रवर्द्धनका लागि म कटिबद्ध रहने छु र यस देशलाई विश्वसामु शिर ठाडो पार्ने गरी आफ्ना कामहरु गर्ने छु।

## साइप्रस

भूमध्यसागरको टापुमा अवस्थित साइप्रस राज्यसँग नेपालको कूटनीतिक सम्बन्ध सन् १९८०मा स्थापना भएको हो। सन् १९८२मा तत्कालीन राजारानीको भ्रमणबाट प्रारम्भ भएको उच्चस्तरीय भ्रमणको आदान-प्रदानको निरन्तरता हालै नेपालका माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको भ्रमणसम्म चलिरहेको छ।

सन् २००४मा युरोपियन युनियनको सदस्यता प्राप्त गरेको यस देशमा उल्लेख्य संख्यामा नेपालीहरु रोजगारी तथा अध्ययनका लागि जानेगरेको देखिन्छ। नेपाली विद्यार्थीहरूका लागि Hotel Management, Forestry Development जस्ता विषयको उच्च शिक्षाको गन्तव्य मुलुकको रुपमा परिचित यस मुलुकले नेपाललाई प्रहरी तालिमका क्षेत्रमा सहयोग गर्दै आएको छ। यस देशबाट नेपालमा औषधीजन्य वस्तुहरुको आयात हुने गरेको छ

भने नेपालबाट चाँदीका गहना, बहुमूल्य पत्थर, काष्ठजन्य हस्तकलाका सामग्री, नेपाली कागज तथा तयारी पोसाकहरु निकासी हुने गरेको देखिन्छ।

आगामी दिनहरुमा दुई मुलुकबिच शिक्षा, स्वास्थ्य, पर्यटन, लगानी, रोजगारीका सम्बन्धमा थप सहकार्य र सहयोग बढाउन सकिने छ। हालसम्म अवैतनिक नेपाली वाणिज्य दूत (Honerary Consular) बाट सेवा प्रदान गर्ने व्यवस्था गरिएकोमा राजदूतको हैसियतले यस मुलुकमा सम्पादन गर्नुपर्ने जिम्मेवारी म तत्परताका साथ वहन गर्ने छु। इजरायलस्थित नेपाली आवासीय राजदूतको कार्यक्षेत्रमा पर्ने साइप्रस - नेपाल सम्बन्धलाई म थप घनिष्ट र प्रभावकारी बनाउने प्रयत्न गर्ने छु।